छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोरवा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आ.व.०८१।८२

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं २०

समयः दिनको ३.३० बजे

मितिः२०८२/०२/०८

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्यूको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १० | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११ | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२ | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५ | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | सन्तोष गिरी | लेखा अधिकृत | |
| ३. | अमृता झेडी | का.स. | |
| | | | |
| | | | |

CS CamScanner

छत्रकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय
धोरबा, गुल्मी

मिति २०८२/०२/०८ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

प्र.प्र.प्रशासकीय अधिकृत

प्रस्तावनाहरु:

| क्र.स | कार्यसुचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | छत्रकोट-३ घिसिनेटामा निर्मित सार्वजनिक शौचालय र भवनको प्रयोग सम्बन्धमा। | अध्यक्ष ज्यूबाट | |
| ३ | श्रृङ्गा कोशेली घरको संचालन सम्बन्धमा। | अध्यक्ष ज्युबाट | |
| ४ | छत्रकोट-४,दिगामको कृषि भवन संचालन सम्बन्धमा। | अध्यक्ष ज्यूबाट | |
| ५ | छत्रकोट जीपलाईनको ठेक्का आह्वान सम्बन्धमा। | अध्यक्ष ज्युबाट | |
| ६ | राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगितामा पदक विजेता हुने खेलाडीलाई नगद सहित प्रोत्साहन तथा सम्मान गर्ने सम्बन्धमा। | अध्यक्ष ज्यूबाट | |
| ७ | विविध। | | |

निर्णयहरु:

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८२ वैशाख ०४ गते बसेको बैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. छत्रकोट-३ घिसिनेटामा निर्मित सार्वजनिक शौचालय र भवनको संरक्षण,रेख देख र उपयोग गर्नको लागि छत्रकोट देवालय व्यवस्थापन समितिलाई जिम्मेवार वनाउँदै आयोजना हस्तान्तरण गर्ने निर्णय गरियो। साथै सार्वजनिक भवनलाई देवालयले पूजा सामाग्री र सामान्य खाजा नास्ता तथा फलफूल पसल व्यवसाय संचालनको लागि भाडामा लगाउन सक्ने(मदिरा,सुर्तिजन्य पदार्थ कारोबार निषेध) र सो भाडाबाट प्राप्त आम्दानीले शौचालयको नियमित सरसफाई सम्बन्धी कार्य गर्नुपर्ने तथा बचत रकमबाट मन्दिर संचालन गर्न सक्ने गरि जिम्मेवार बनाउने निर्णय गरियो।

३. छत्रकोट गाउँपालिका वडा नं ४ श्रृङ्गामा निर्मित श्रृङ्गा कोशेली घरको संचालनको लागि स्थानीय उत्पादनलाई विकि,वितरण र बजारीकरण गर्ने गरि सहकारी संस्था,कृषि समूह तथा व्यक्तिगत फर्मलाई भाडामा दिन न्यूनतम बार्षिक भाडा रु २०,०००।— तोकि मूल्य बढावढमा प्रस्ताव पेश गर्नको सूचना आह्वान गर्ने निर्णय गरियो।

४. छत्रकोट गाउँपालिका वडा नं ४ दिगाममा निर्मित कृषि भवन संचालनको लागि स्थानीय उत्पादनलाई विकि,वितरण र बजारीकरण गर्ने गरि सहकारी संस्था,कृषि समूह तथा व्यक्तिगत फर्मलाई भाडामा दिन न्यूनतम बार्षिक भाडा रु २०,०००।— तोकि मूल्य बढावढमा प्रस्ताव पेश गर्नको लागि सूचना आह्वान गर्ने निर्णय गरियो।

५. छत्रकोट जीपलाईनको बार्षिक (भ्याट बाहेक) रु ४,००,०००।—(अक्षरेपी रु चारलाख रुपैया) कायम गरि मूल्य बढावढमा ५ बर्षको लागि ठेक्का आह्वान गर्ने निर्णय गरियो। साथै प्रत्येक वर्ष सम्झौता रकमको १० प्रतिशत भाडा मूल्य बृद्धि गर्ने गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

CS CamScanner

रुद्र८.६ पुरी
प्रमुख प्रशासकीय अधिकृत
२०८२।०२।०८

मिति २०८२/०२/०८ गते बसेको कार्यपालिकाको बैठकका प्रस्तावना तथा निर्णयहरु

६. १५ औं जिल्ला स्तरीय राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगितामा सहभागीता जनाई पदक विजेता हुने खेलाडी लाई जनही तपसिल बमोजिम प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो। साथै विद्यार्थीलाई उक्त प्रतियोगितामा सहजिकरण गर्ने खेल शिक्षकहरुलाई जनही रु ५०००।— प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | पदक | प्रोत्साहन रकम रु | कैफियत |
|---|---|---|---|
| १ | स्वर्ण | ५००० | |
| २ | रजत | ३००० | |
| ३ | कास्य | १००० | |

७. विविध सम्वन्धमा देहायका निर्णय गरियो।

७.१ विपद् व्यवस्थापन कोष शिर्षकमा विनियोजित बजेट अपुग भएको खण्डमा विपद् व्यवस्थापन समितिवाट सिफारिस भई पेश हुने योजना तथा राहातका कार्यक्रम र अघिल्लो कार्यपालिकावाट भएको विपद् व्यवस्थापन कोषवाट भुक्तानी हुने भनिएपनि रकम अपुग भएका योजनाहरुको भुक्तानी विविध खर्च खाता अन्तर्गत नेपाल इन्भेष्टमेन्ट मेघा वैंकबाट मिति ई.सं २०२५।०३।१० मा जन्मा भएको रु ११,५५,४२५.७६ मध्येबाट भुक्तानी दिने निर्णय गरियो। साथै विपद् व्यवस्थापनको लागि आवश्यक त्रिपाल तथा सामाग्रीहरु समेत सोही रकमवाट खर्च गर्ने निर्णय गरियो।

CS CamScanner